नेपाल सरकार

अर्थ मन्त्रालय

# नागरिक लगानी कोषको कार्यकारी निर्देशकको छनौट तथा सिफारिस समितिको

# सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०७/२१)

नागरिक लगानी कोषको रिक्त कार्यकारी निर्देशक पदमा खुल्ला प्रतिष्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ दिन (२०८०/०८/११ गते) भित्र कार्यालय समयमा अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरवार, काठमाडौंमा गोप्य शिलवन्दी आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**१.योग्यता तथा अनुभव**

क) नागरिक लागानी कोष ऐन,२०४७ को दफा ४२(१) र नागरिक लगानी कोषको कार्यकारी निर्देशकको छनौट तथा सिफारिस सम्वन्धी कार्यविधि, २०८० बमोजिम योग्यता तथा अनुभव भएको ।

ख) अर्थ मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्वन्धी मापदण्ड, २०७३ को दफा ३ बमोजिम नियुक्तिका लागि योग्यता भएको र सोही मापदण्डको दफा ४ बमोजिम अयोग्य नरहेको। ( मापदण्ड अर्थ मन्त्रालयको website: www.mof.gov.np मा डाउनलोड गर्न सकिनेछ।)

**२. दरखास्त पेश गर्ने प्रक्रियाः**

ग) दरखास्तसाथ नागरिक लगानी कोषको कार्यकारी निर्देशकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८० को दफा ३ बमोजिमको कागजात तथा विवरण र दफा ४ अनुसारको स्वयं घोषणाको व्यहोरा सहितको निवेदन आवेदक स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।( कार्यविधि अर्थ मन्त्रालयको website: www.mof.gov.np मा डाउनलोड गर्न सकिनेछ।)

क) दरखास्त पेश गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साइजको फोटो तथा उपर्युक्त कार्यविधिको दफा ६

बमोजिमको व्यावसायिक कार्ययोजना (पाँच हजार शब्दमा नबढ्ने गरी) खामवन्दी गरी अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखामा पेश गर्नु पर्नेछ। खामवन्दी प्रस्तावको खामबाहिर "नागरिक लगानी कोषको कार्यकारी निर्देशकको लागि आवेदन तथा व्यावसायिक कार्ययोजना" उल्लेख गर्नुपर्नेछ।

**३. व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणः**

छनौट सूचीमा परेका उम्मेदवारले आफुले पेश गरेको व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण समेत गर्नु पर्नेछ।

**४. छनौट प्रक्रिया:** तोकिएको म्याद भित्र प्राप्त हुन आएका आवेदनहरुबाट प्रथम चरणमा बढिमा पाँच जनाको छनौट ( Short List) गरी दोस्रो चरणमा सहभागी गराइनेछ। दोस्रो चरणबाट उपयुक्त तीन जना उम्मेदवारको छनौट गरी नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष सिफारिश गरिनेछ।

**५. दस्तुरः**

दरखास्त दस्तुर वापत अर्थ मन्त्रालयको कार्यालय कोड नं. ३०५००३५०१, राजस्व खाताः १०००१००२०००१०००० तथा राजस्व शीर्षकः १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सिहदरवार शाखामा रु. ५०००।— (अक्षरेपी पाँच हजार मात्र) बुझाएको सक्कलै भौचर निवेदन साथ पेश गर्नु पर्नेछ।

**५. अन्य विवरण**

क) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त छनौट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ।

ख) झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

ग) यस सम्वन्धी थप जानकारीका लागि अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा वा टेलिफोन नं. ४२११३७७ मा सम्पर्क गर्न सकिनेछ।

घ) कार्यकारी निर्देशकलाई करारमा उल्लेख भएबमोजिमका शर्तहरुका आधारमा मासिक पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ।